तथा खेल क्षेत्र र कला साहित्यको माध्यमबाट त्रिवेणी गाउँपालिकालाई परिचित गराउन सफल व्यक्तिहरुलाई सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं. ७ - प्रस्ताव नं. ७ माथी व्यापक छलफल गर्दा, त्रिवेणी गाउँपालिकामा स्वास्थ्य मन्त्रालयको मा.मन्त्रीस्तरको मिति २०७७/०९/१२ को निर्णयानुसार १० सैयाको अस्पतालको लागि बजेट प्राप्त भई निर्माण कार्य भैरहेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को झ(३) अनुसार यस गाउँपालिकामा सञ्चालनमा रहेको त्रिवेणी स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी त्रिवेणी अस्पताल कायम गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ - प्रस्ताव नं. ८ माथी व्यापक छलफल गर्दा, तपसिल बमोजिमको निर्णय गरियो।

क) जिल्ला प्रशासन कार्यालय सल्यानबाट स्टेशनरी खर्च अपुग भई भुक्तानी गरिदिने भनि आवश्यक कागजात सहित पेश भइ आए बमोजिम भ्याट सहित रु ४०२२८ रुपैया रकम भुक्तानी दिने निर्णय गरियो ।

ख)सुनौला हजार दिनका आमाहरुलाई लक्षित वहुक्षेत्रीय पोषण विशेष कार्यक्रम कार्यान्वयनका लागि वडा नं. ४ छनोट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

ग)आ.व. ०७४/०७५ देखि ०७९/०८० सम्मको प्रत्येक दफावार अनियमित बेरुजु कानुन सम्मत काम नगर्दा कायम भएको देखिए पनि यसले पालिकाको बजेटमा कुनै पनि हानी नोक्सानी नभएको हुँदा लेखा समितिबाट फछर्यौटका लागि अनुरोध भई आएको प्रतिवेदन उपर छलफलका लागि गाउँसभामा प्रस्ताव पेश गर्ने ।

घ) आ.ब. २०८१/०८२ को त्रिवेणी गाउँपालिकाको संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदन सम्वन्धमा छलफल गरी प्रतिवेदनमा औंल्याइएको सूझावहरु कार्यान्वयन गर्न सबै प्रतिवद्ध हुने निर्णय गरियो ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित गरिएको

CamScanner

आज मिति २०८२ साल असार ६ गते शुक्रबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | पार्वती |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

### आमन्त्रित

श्री पुष्पकमल ओली
श्री प्रभात कुमार श्रेष्ठ
श्री धन ... बराल
श्री सन्तोष थापा मगर
श्री गंगा राम वली

वरिष्ठ लेखा अधिकृत
स्वास्थ्य शाखा प्र.
योजना शाखा प्र.
लेखापाल
सूचना प्रविधि